# सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश नेपाल

## *आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम*

*मिति : २०८१।०३।१०*

# उपाध्यक्ष श्री सुशिला रोकायाद्धारा सिमकोट गाउँपालिकाको गाउँसभाको ९ औ अधिवेशनमा प्रस्तुत आ.व. २०८१/८२ को वजेट

**गाउँसभाका अध्यक्ष ज्यु,**
**गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु,**

१. सर्वप्रथम, सिमकोट गाउँपालिकाको ९ औ अधिवेशनमा हार्दिक स्वागत गर्न चाहान्छु । स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पछिको तेस्रो यस गाउँसभा समक्ष आगामी आ.व. २०८१/८२ को वार्षिक बजेट अनुमान गरि प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. सिमकोट गाउँपालिको समग्र सेवा प्रवाहलाई अझ थप प्रभावकारी, पारदर्शी, गुणस्तरिय र जवाफदेही बनाउदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नती हासिल गर्नु हामी सबैको साझा संकल्प हो र रहने छ । यो चुनौती र अवसरलाई गम्भिरतापूर्वक लिदै आगामी आ.व. २०८१/८२ को बजेट आम सिमकोट गाउँपालिकावासीको साथ, समर्थन, एकता र सहयोग कायम राखीराख्ने महत्वपूर्ण औजारका रुपमा रहनु पर्छ भन्ने कुरामा म विशेष सचेत एवं सतर्क छु ।

३. यस गाउँपालिकाको **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहर : समृद्ध हाम्रो सिमकोट नगर"** बनाउने दीर्घकालिन सोच, नेपाल सरकारको पन्ध्रौ योजना, दिगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको बजेट तथा प्राथमिकता लाई योगदान पुग्नेगरि कार्यक्रम तथा आयोजनागत बजेटलाई सही गन्तव्यतर्फ दिशानिर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेको छु ।

४. यस सिमकोट गाउँपालिकाकाको बजेट तर्जुमा हाम्रो आय बमोजिम कुशल व्यय हुनेगरि यस गाउँपालिकाको सम्वृद्धि तर्फको भविष्य र जनताको विकासप्रतिको आकांक्षालाई सम्वोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्धान्तलाई आत्मसाथ गरेको छु । साथै, गाउँपालिको स्थानीय

अर्थतन्त्रमा थप पुँजी निर्माण हुने खर्च र पुँजीगत प्राप्तितर्फ लक्षित आर्थिक वर्ष २०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु।

५. गाउँकार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८१/०८२ को आय र व्ययको अनुमान स्वीकृतीको लागी यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व आर्थिक वर्षको यथार्थ आय र व्यय चालु आ.व.को संशोधित आय र व्यय प्रस्तुत गर्ने सान्दर्भिक ठानी यस सम्मानित गाउँसभा समक्ष पेश गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

६. अब म चालु आ.व. २०८०/०८१ को जेष्ठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**जेठ ३२ सम्मको यथार्थ आम्दानी र खर्च :**

आ.व. २०८०/०८१ को लागि प्रक्षेपित कुल आय रु. ५७ करोड ४२ लाख.५६ हजार २ सय ५२ मध्ये रु. ४८ करोड ४३ लाख ४२ हजार ६ सय ९५ प्राप्त भएको देखिन्छ। जसमध्ये , आन्तरिक स्रोतबाट रु. ४४ लाख ४८ हजार , ४ सय ५० , अन्तरसरकारी वित्तीय हस्तान्तरण बाट ३५ करोड २१ लाख १० हजार ५ सय ६५, राजस्व बाँडफाँड बाट रु. ६ करोड, ४८ लाख, ६ हजार, ५ सय,६५ रहेको छ।

त्यसैगरि, गत आ.व को जिम्मेवारी रु ४ करोड , ४५ लाख ,९३ हजार, ३ सय , ६३ , र कार्य संचालन कोषमा रु १ करोड, ९३ लाख, ८३ हजार, ७ सय, ५१ रहेको छ

त्यसैगरि आ व २०८०।०८१ को कुल खर्च गत जेठ ३२ सम्मको रु ३३ करोड , ८४ लाख, ६१ हजार, ५ सय, २५ भएको छ। जुन अनुमानित खर्चको ६९ प्रतिशत हुन जान्छ।

त्यसैगरि कुल खर्च मध्य चालु खर्च २५ करोड , ३२ लाख , १८ हजार , ९ सय , ३९ (७८ प्रतिशत ) र पुँजिगत खर्च रु ६ करोड, ९७ लाख, ६३ हजार, ५ सय, ८३ (४३ प्रतिशत) भएको छ

कुल खर्च गत जेठ ३२ सम्म रु. ४१ करोड, ७६ लाख, ६१ हजार भएको देखिन्छ। जुन अनुमानित खर्चको ६२ प्रतिशत हुन जान्छ। त्यसैगरि कुल खर्च मध्ये चालु खर्च रु. २५ करोड ५ लाख, ९६ हजार (६०%) र पुँजिगत खर्च रु. १६ करोड, ७० लाख, ६४ हजार (४०%) भएको छ।

त्यसैगरि सरकारी लेखा प्रणाली(CGAS) बाट प्राप्त हुने बजेट उप शीर्षकमा २०८१ जेठ मसान्त सम्मको आय व्यय प्रस्तुत गर्न गई रहेको छु।

**संघीय सरकार तर्फको आय व्यय**

- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमबाट प्राप्त रु ७ करोड २८ लाख ७० हजार मध्य ७ करोड १५ लाख ५४ हजार ५ सय ८४ खर्च भएको छ।
- पर्यटन पुर्वाधार विकास आयोजना तर्फ प्राप्त रकम रु ४२ लाख १३ हजार २ सय ७७ मध्य रु २७ लाख १३ हजार १ सय ४४ खर्च भएको छ।
- गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ ४ लाख १५ हजार मध्य रु ४ लाख ५ हजार खर्च भएको छ ।
- स्वास्थ्य सुधार कार्यक्रम तर्फ रु ४ लाख ५ हजार मध्य खर्च रु ४ लाख ५ हजार खर्च भएको छ।
- राष्ट्रपति महिला शसक्तिकरण परियोजना तर्फ प्राप्त रकम रु २ लाख मध्ये खर्च हुन सकेको छैन।

**प्रदेश सरकार तर्फको आय व्यय**

- एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम तर्फ प्राप्त रकम रु १२ लाख मध्ये ८ लाख ९६ हजार ६ सय ४० खर्च भएको छ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्युहरु**

अब म आगामी आ.व. २०८१/०८२ का लागि प्रस्तावित राजस्व र खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

७. यस गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि कुल आय रु. ४९ करोड २८ लाख ४५ हजार हुने अनुमान गरिएको छ।

**आयतर्फ**

आन्तरिक आय : रु. १ करोड ७९ लाख ५० हजार , गत आ व को १ करोड सहित

राजश्व वाँडफाँडः रु. ९ करोड ३२ लाख ४९ हजार ३ सय ४५,

अन्तर सरकारी वित्तीय हस्तान्तरण (संघिय सरकार) : रु. ३२ करोड २३ लाख ८६ हजार,

अन्तर सरकार वित्तीय हस्तान्तरण ( प्रदेश सरकार): रु.५ करोड ९१ लाख २४ हजार,

**व्यय तर्फ**

चालुखर्च तर्फ : रु.  ३२ करोड ४८ लाख २० हजार (६५.९०%),
पुँजीगत खर्च तर्फ : रु. १६ करोड ४८ लाख २५ हजार (३४.१०%),
कुल खर्च : रु ४९ करोड २८ लाख ४५ हजार

८. माथि उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुनेगरि विनियोजन गरेको छु । यसले गर्दा यस सिमकोट गाउँपालिकाको बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँ सभामा जानकारी गराउन चाहान्छु ।

९. विनियोजन बजेट मध्ये क्षेत्रगत कार्यक्रम तर्फ

**आर्थिक विकास तर्फ** रु. २४ करोड ५७ लाख ५४ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको ४९.८६ प्रतिशत हो । यसैगरि,

**सामाजिक विकास तर्फ** रु. ८ करोड १९ लाख विनियोजन गरेको छु , जुन कुल बजेटको १६.६१ प्रतिशत हो । त्यसै गरि,

**पुर्वाधार विकास तर्फ** रु. १४ करोड २ लाख २७ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको २८.४५ प्रतिशत हो । त्यसै गरि,

**वन, वातावरण र विपद व्यवस्थापन तर्फ** रु. १ करोड ७६ लाख १३ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको ३.५७ प्रतिशत हो । त्यसै गरि,

**सुशासन तथा संगठन विकास तर्फ** रु. ७३ लाख ५१ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको १.४९ प्रतिशत हो ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१०. अब म यस सिमकोट गाउँपालिकाको  वित्तीय समानिकरण अन्तर्गत उप–क्षेत्रगतरुपमा विनियोजन भएको बजेट विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि तथा पशुविकास**

- रैथानेबाली प्रवर्धनका लागी रु. ८ लाख विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकुद तर्फ**

- गुणस्तरिय शिक्षा तथा विभिन्न खेलकुद प्रवर्धनका लागी रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।
- राष्ट्रपति रिनङ्गिशल्ड तथा अन्य खेलकुदका लागि रु २० लाख विनियोजन गरेको छु ।

**महिला, बालबालिका, जेष्ठनागरिक, असहाय, अपांगता तर्फ**

- सिमकोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट एस.ई.ई.मा उत्कृष्ट विद्यार्थीहरुका लागी सम्मान स्वरुप  छात्रावृत्ती अध्यक्ष उपाध्यक्ष कोष कार्यक्रम   . १० लाख बजेट विनियोजन गरेको छु ।
- सिमकोट गाउँपालिका क्षेत्रभित्रका, महिला, बालबालिका जेष्ठ नागरिक अपाङग  दलित, वर्गका कोषका लागी रु. १० लाख विनियोजन गरेको छु ।
- सिमकोट गाउँपालिका भित्र रहेका अनाथ वालवालिका संरक्षण कोषका लागि रु ३ लाख विनियजन गरेको छु ।

**स्वास्थ्य तथा वहुक्षेत्रीय पोषण**

- स्थानीय आम नागरिकको स्वास्थ्यमा सहज पहुँचका लागी रु. २५ लाख विनियोजन गरेको छु ।
- उपाध्यक्ष संग महिला स्वास्थ्य तथा आयआर्जन कार्यक्रमको लागि रु        . १०   लाख विनियोजन गरेको छु ।

## न्यायिक समिति

- न्याय प्रणालीलाई पहुँच योग्य, सक्षम एवं विश्वसनीय न्याय सम्पादनका लागी रु. १० लाख बजेट विनियोजन गरेको छु ।

## पुर्वाधार विकास

- वडा नं १ देखि वडा नं ८ सम्म पूर्वाधार विकास   लागि रु. ३९  लाख  ७४ हजार बजेट विनियोजन गरेको छु ।
- चालु आ  व  को सघिय सरकारवाट कट्टा गरीएको रकम रु २ करोड ४० लाख आ  व ०८१/०८२ मा अल्या सारेको छु ।
- मानसरोवर मा वि को भवन निर्माणको लागि रु ३३ लाख विनियोजित गरेको छ  ।
- रलिङ खोला मोटर पुलको लागि रु  १६ लाख विनियोजित गरेको छु ।
- सैपाल मा  वि  खेलमैदानको लागि रु ५ लाख विनियियिजित गरेको छु ।
- स्नोफल्याण्ड एकिकृत विकास केन्द्र र गाउँपालिकाको साझेदारीमा संचालन गरिने मानसरोवर मा वि शौचालय निर्माणको लागि रु. ५ लाख विनियियिजित गरेको छु ।
- संघीय समानीकरण अनुदानको कट्टि रकम रु २ करोड  ४० लाख गाउँपालिकामा प्राप्त भई आएमा वडा नं १ देखि वडा नं ८ सम्म पूर्वाधार विकासमा विनियोजन गरिने छ ।
- विभिन्न साझेदार निकायहरु संग साझेदारी कोषका लागी  रु. ३ करोड मिलान कोषका बजेट व्यवस्था गरेको छु ।
- सिमकोट गाउँपालिका वडा ८ मा रहेको वडा भवनको वडा व्यवस्थापनका लागि   रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- सिमकोट गाँउपालिका भित्र तत्काल मर्मत गर्नुपर्ने अवस्थाका योजनाहरुलाई मर्मत तथा सम्भारका लागी रु. २० लाख बजेटको व्यवस्था गरेको छु ।

## संस्थागत सुशासन र संगठन विकास

- सिमकोट गाउँपालिकामा कार्यरत कर्मचारीहरुको अवकाश पछि पाउने सेवासुविधाको लागि कर्मचारी कल्याण कोषमा रु. २० लाख बजेट विनियोजन गरेको छु ।

**विपद् व्यस्थापन**

- मानवीय र प्राकृतिक विपत्तिका कारणले हुने आकस्मिक घटनालाई तत्काल सम्वोधन गर्न रु.१५ लाख विपद् व्यवस्थापन कोषको व्यवस्था मिलाएको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु ,**

११. अब म अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित संघिय सरकारबाट विशेष अनुदान विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- सिमकोट गाउँपालिका वडा नं ७ स्थित डाँडँफया स्वास्थ्य चौकी वर्थींङ सेन्टर र सिमकोट वडा नं २ स्थित ठेहे स्वास्थ्य चौकी वर्थींङ सेन्टर निर्माणका लागि रु. ५० लाख विनियोजन गरेको छु ।
- डुल्ची सिचाइ निर्माणका लागी रु २० लाख बिनियोजन गरेको छु ।
- झोलुङगे पुल निर्माण तथा मर्मतका लागी रु १० लाख बिनियोजन गरेको छु ।
- याक प्रबद्धन कार्यक्रमका लागी रु ८ लाख बिनियोजन गरेको छु ।
- सुरक्षित नागरिक आवस कार्यक्रम का लागी रु ५ लाख बिनियोजन गरेको छु ।
- साझेदारी बिद्यालय भबन निर्माण रु १ करोड ३० लाख बिनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१२. अब म अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित संघिय सरकारबाट सशर्त अनुदानको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- कृषि सेवा तर्फ रु ३२ लाख ६० हजार,
- पशु सेवा तर्फ रु २२ लाख ४२ हजार
- सवैका लागि शिक्षा आधारभूत तह तर्फ रु १८ करोड ११ लाख, ५२ हजार
- बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु १५ लाख ७७ हजार,
- प्राथमिक स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सबै क्षेत्र तर्फ रु. २ करोड ७५ लाख ३७ हजार
- सबैका लागि दिगो खानेपानी तथा सरसफाई स्वच्छता आयोजना तर्फ रु ८४ लाख, २३ हजार
- सामाजिक सुरक्षा तथा पंजीकरण तर्फ रु ११ लाख ९५ हजार,
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ७४ लाख, ३२ हजार र सुरक्षित आप्रवासन परियोजना तर्फ १४ लाख ४६ हजार
- लघु उद्यम विकास कार्यक्रम तर्फ २० लाख,
- गरिब सँग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख १५ हजार
- राजस्व सुधार र योजना शाखा तर्फ रु १० लाख बिनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१३. अब म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित प्रदेश सरकारबाट विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- चाङला प्रा.वि भवन निर्माण, सिमकोट गाएँपालिका,वडा नं १ हुम्ला ( रु. २० लाख,
- रामदेव मा.वि खेल मैदान निर्माण तथा घेरबार , सिमकोट गाउँपालिका वडा नं २ हुम्ला , रु. २० लाख,
- लिमाटाङ सामुदायिक स्वास्थ्य इका ई ग्वाविन वाल निर्माण , सिमकोट गाउँपालिका वडा नं ३ हुम्ला, रु. २० लाख,
- हिल्दुम सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण , सिमकोट गाउँपालिका वडा नं ४ हुम्ला, रु. २० लाख,

- सामुहिक कृषि खेतिका लागि नाउला मेलगुडि सिढी घेरबार , सिमकोट गाउँपालिका वडा नं ५ हुम्ला, रु.२० लाख
- कालाशिल्ता माड्डु पहिरो नियन्त्रण , सिमकोट गाउँपालिका वडा नं ६ हुम्ला ,रु. २० लाख,
- चौथा देखि पारी माड्डु सिढी निर्माण , सिमकोट गाउँपालिका वडा नं ७ हुम्ला , रु. २० लाख,
- सामुदायिक भवन निर्माण साँता, सिमकोट गाउँपालिका, वडा नं ८ हुम्ला, रु. २० लाख,
- लामा साँस्कृतिक मञ्च संग्रहालय भवन निर्माण सिमकोट, रु ५० लाख,
- अस्ट्रिया साझेदारी सुरक्षित आवास भवन निर्माण, सिमकोट-६ हुम्ला, रु. २० लाख,
- जिल्ला आँखा अस्पताल अपरेसन तथा स्टाफ भवन निर्माण, सिमकोट-५ हुम्ला, रु. ३० लाख,
- शहिद भक्त बुढा स्मृति सभाहल निर्माण, सिमकोट गाउँपालिका हुम्ला, रु. २० लाख,
- गंगलिङ्क तटबन्धन कार्यक्रम, सिमकोट-३ हुम्ला, रु. २५ लाख,
- पारि चिमिक सिंचाइ आयोजना, सिमकोट-२ हुम्ला, रु.१२ लाख,
- कुमुली तपन तटबन्धन निर्माण, सिमकोट-८ याङ्गु हुम्ला, रु. १५ लाख,
- छ्युताक तटबन्धन, सिमकोट-३ लिमाटाङ हुम्ला, रु. २० लाख,
- तोर्पा देखि जुम्लाकी भोर्गु सम्म सिंचाइ योजना,सिमकोट-३ हुम्ला, रु. १० लाख,
- गोठी हुम्ला डाँडादेखि ग्वल्देउ सम्म सिंचाई योजना सिमकोट-६ हुम्ला, रु ७ लाख,
- ग्याग्लुक्पा देखि मुद्वपु सम्म सिंचाई योजना सिमकोट ३ हुम्ला, रु.२० लाख,
- आधुनिक घट्ट निर्माण योजना,सिमकोट-३ तोर्पा, रु. ७ लाख,
- मिडोकफोक देखि कन्डिफुक सम्म गोरेटो बाटो निर्माण , सिमकोट-३ हुम्ला , रु. १५ लाख,
- कृषि प्रसार,खाद्य सुरक्षा तथा पोषण सुरक्षा सहयोग कार्यक्रम, रु. २ लाख,
- पशु आहार तथा स्वास्थ्य सुधारका लागि तथा घाँसको बिउ/ बिरुवा वितरण कार्यक्रम , रु. १ लाख ५० हजार,
- शहिद स्मृति प्रतिष्ठान भवन निर्माण, रु. ५० लाख,
- कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम, रु. ४ लाख ५० हजार ,

- स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता, रु. ४ लाख ५० हजार,
- सामुदायिक स्वास्थ्य इकाई , शहरी स्वास्थ्य ,बर्थिङ सेन्टर सुधार- चौगानफया सा.स्वा.ई सिमकोट-७, रु. ३ लाख ,
- सामुदायिक स्वास्थ्य इकाई , शहरी स्वास्थ्य ,बर्थिङ सेन्टर सुधार- साँता सा.स्वा.ई सिमकोट-८, रु. ३ लाख,
- सामुदायिक स्वास्थ्य इकाई , शहरी स्वास्थ्य ,बर्थिङ सेन्टर सुधार- हिल्दुम सा.स्वा.ई सिमकोट-४, रु. ३ लाख,

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरु**

१४. कार्यक्रम तयार गर्दा हाम्रा नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । साथै, प्राथमिकता प्राप्त कार्यक्रम अनुसार बजेट तयार गरेको छु । देशमा खस्किदो आर्थिक अवस्थाले संघ र प्रदेश सरकारबाट प्राप्त अन्तर सरकार वित्तीय हस्तान्तरणबाट प्राप्त बजेट सिलिङमा कम भई आएकोले माग भई आएका योजनाहरुलाई सम्वोधन गर्ने चुनौती हुने देखिएको छ । यद्यपी, त्यस्ता कार्यक्रमहरुलाई योजना बैंकमा सुचिकृत गरि क्रमशः कार्यान्वयन गर्दै लगिने जानकारी गराउन चाहन्छु ।

१५. प्रस्तुत आगामी आ.व. २०८१/०८२ को बजेट कार्यान्वयनबाट रोजगारी तथा आन्तरिक रोजगारी सृजना, आयआर्जनमा वृद्धी, सामाजि सुरक्षा तथा संरक्षण, बैदेशिक रोजगार बाट फर्किएका नागरिकहरुलाइ मनिरामर्श तथा सचेतनामुलक क्रियाकलाय सन्चालन , स्थानीय पुर्वाधार निर्माणमा थप टेवा पुग्ने अपेक्षाका साथ बजेट तथा कार्यक्रम स्वीकृतीको लागि पेश गरेको छु ।

**अन्त्यमा,**

१६. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सुझाव दिनु हुने गाउँपालिकाका सदस्य ज्युहरु, विभिन्न विषयगत समितिका पदाधिकारी लगायत कर्मचारी मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, हामीले अघि सारेको बजेटका प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग

पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, निजीक्षेत्र, करदाता, अन्तर्राष्ट्रिय दातृ निकाय, संघ संस्थाहरुलाई साझेदारी र सहकार्यका लागी हार्दिक धन्यवाद सहित अपिल समेत गर्दछु ।

**सुशिला रोकाया**
**उपाध्यक्ष**